Samaj Anweshan **समाज अन्वेषण** Vol. 2, No. 2 : 17 Oct.2024-13Apr. 2025
DOI: https://doi.org/10.3126/anweshan.v2i2.74151
Research Article
ISSN: 3021-9035 Print

# झिमरुक गाउँपालिकाका महिलाको सामाजिक अवस्था

**दुर्गा पौडेल**
paudeldurga21@gmail.com

## लेखसार

झिमरुक गाउँपालिका प्युठानमा पर्छ। यहाँ महिलाको जनसङ्ख्या १४,४९९ रहेको छ । उनीहरूको सामाजिक अवस्थाअन्तर्गत राजनीति, आर्थिक, सांस्कृतिक, शैक्षिक अधिकार तथा लैङ्गिक समानताको स्थिति पर्छ। झिमरुक गाउँपालिकाका महिलाको सामाजिक अध्ययन यिनै मापदण्डभित्र रहेर गर्नुपर्दछ। स्थानीय तहमा प्रतिनिधित्व गर्ने व्यवस्था भएअनुसारले प्रतिनिधित्व गर्ने दलित महिला वडासदस्य पदमा सबै वडाबाट प्रतिनिधित्व हुने गरेको छ। वि.सं.२०७४ सालको स्थानीय चुनावबाट गाउँपालिका उपाध्यक्ष पदमा महिला नै निर्वाचित भएकोमा वि.सं. २०७९ को स्थानीय चुनावमा गठबन्धनको राजनीतिका कारण अध्यक्ष अथवा उपाध्यक्षमध्ये एक जना महिला हुनुपर्ने व्यवस्था लागु हुन सकेन । यहाँका महिलामध्ये १ जना २०७४ सालको प्रतिनिधिसभाको सदस्य पदमा प्युठान जिल्लाबाट प्रत्यक्ष निर्वाचनबाट निर्वाचित भएकाले यहाँका महिलाले प्रतिनिधिमूलक राजनीतिक योग्यता राख्दछन् भन्ने अवस्थाको जानकारी हुन्छ । वि. सं. २०७९ सालको प्रतिनिधिसभाको निर्वाचनमा पनि यस गाउँपालिकाबाट महिला उम्मेदवारले निकटम प्रतिद्वन्द्वीको परिणाम निकालेको तथ्यबाट महिलाप्रति प्युठान जिल्लाका साथै यो गाउँपालिका पनि सकारात्मक दृष्टिकोण राख्दछ भन्ने पुष्टि हुन्छ।

यहाँका महिलाको सांस्कृतिक अवस्था परम्पराबाट निर्देशित छ। स्थानीय देवीदेवताको परम्परालाई धान्ने काम महिलाले नै गरेका छन् । यहाँ सबै जातका कुलपूजाका लागि चाहिने सामग्रीको जोहो महिलाले नै गर्छन्। मन्दिरमा चाहिने सामग्री, पाहुनाको सत्कार, भान्साको कार्य सबैमा महिलाको भूमिका हुन्छ। यहाँका महिलाले शैक्षिक योग्यता हासिल गर्दै गएको भए पनि उनीहरूको जीविकोपार्जनको मार्गदर्शन हुन सकेको छैन । उनीहरू इमानदारिता तथा कार्यकौशलता समाजले उपयोग गर्न नसक्नु दुर्भाग्यपूर्ण कुरा हो । राज्यले महिलाबारे बनाएका कानुनलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नुपर्दछ र उनीहरूको भागमा पर्ने अधिकार उनीहरूलाई उपलब्ध गराउन राज्य र सरकार सचेत हुनुपर्दछ। महिलामाथि हुने घरेलु हिंसाका विरुद्ध सक्षम र कामयावी कानुनलाई व्यावहारिक रूप दिनुपर्ने आवश्यकता छ। महिला रोजगारको स्थिति सृजना गर्नुपर्दछ र उनीहरूलाई योग्यताअनुसार काम गर्ने क्षेत्र उपलब्ध हुनुपर्छ; किनभने महिलाहरू स्वयम् सक्षम छन्। राज्यको यो सुविधालाई झिमरुकका महिलाले पूरा उपयोग गर्न सक्दछन्।

## शब्दकुञ्जी

लैङ्गिक विभेद, अधिकार, संस्कृति, योगदान, हिंसा।

## विषय प्रवेश

झिमरुक गाउँपालिका प्युठान जिल्लामा पर्दछ। नेपाल सरकारले मिति २०७३ फागुन २२ मा साबिकका ओखरकोट, बाँदिकोट, बाङ्गेमरोठ, तोरबाङ र तुषारा गाविससहित पाँचओटा गाविस र लिवाङ गाविसका ७, ८ र ९ वडा समावेश गरी भएको हो। यस गाउँपालिकामा हाल आठओटा वडा कायम गरिएको छ । झिमरुक गाउँपालिकाको पूर्वमा गुल्मी जिल्ला, पश्चिममा नौबहिनी गाउँपालिका र प्युठान नगरपालिका पर्छ। उत्तरमा झिमरुक

गाउँपालिका र नौबहिनी गाउँपालिका पर्दछन् र दक्षिणमा प्युठान नगरपालिका, मल्लरानी गाउँपालिका र अर्घाखाँची जिल्ला पर्दछन्। भौगोलिक हिसाबले ८२ डिग्री ५४ मिनेट ३५.७६ सेकेन्डदेखि ८३ डिग्री ३ मिनेट ३६.०३ सेकेन्ड पूर्वी देशान्तर र २८ डिग्री ६ मिनेट ७.१९ देखि २८ डिग्री ११ मिनेट ४८.३१ सेकेन्ड उत्तरी अक्षांशमा अवस्थित झिमरुक गाउँपालिका लुम्बिनी प्रदेशको करिब १०६.९३ वर्ग किमि क्षेत्रफल रहेको छ। झिमरुकको अधिकतम तापक्रम ४६ डिग्री, न्यूनतम तापक्रम ० डिग्री रहेको छ। यो समुद्रीसतह ८६८ देखि २१९९ मि. को उचाइमा, काठमाडौँदेखि लगभग ४२४ किमिको दुरीमा स्थित छ (website : jhimrukmun.gov.np)।

यस प्रकारको भौगोलिक परिसरभित्र रहने झिमरुकबासी नागरिककोजम्मा जनसङ्ख्या २७,९३१ मध्ये महिलाको जनसङ्ख्या १४,४९९ रहेको छ। त्यही जनसङ्ख्या भएको महिलाको सामाजिक अवस्थाको अहिलेसम्म विस्तृत र व्यवस्थित अध्ययन हुन सकेको छैन। त्यसैले यहाँका महिलाको सामाजिक स्थिति के छ ? उनीहरूले राजनीतिमा केकस्तो हैसियत राख्छन् ? आर्थिक अधिकारको स्थिति के कस्तो छ ? शिक्षामा के कति पहुँच राख्दछन् ? उनीहरूको सांस्कृतिक अवस्था कस्तो रहेको छ आदि प्रश्नको हल खोज्न यहाँका महिलाको समग्र स्थितिको व्यवस्थित अध्ययन हुनुपर्ने आवश्यकता छ। सामाजिक अवस्थाअन्तर्गत राजनीतिक, आर्थिक, सांस्कृतिक, शैक्षिक अधिकार लैङ्गिक समानताको स्थिति तथा सामाजिक योगदान पर्दछन् । झिमरुक गाउँपालिकाका महिलाको सामाजिक अध्ययन यिनै मापदण्डभित्र रहेर गर्नुपर्दछ।

## *अध्ययन विधि*

प्रस्तुत अध्ययन अप्रकाशित सामग्रीमाथि मुख्यतः आधारित रहेको भए पनि त्यस प्रकारका स्रोतबाट विश्लेषण पूर्ण नभएको अवस्थामा विभिन्न सहायक स्रोतको पनि सहयोग लिइएको छ। यो अध्ययनमा कुराकानी, प्रकाशित दस्तावेज, प्रकाशित पुस्तक र लेखरचना सङ्कलन गरी ती सामग्रीको विश्लेषण गरी अध्ययनलाई सम्पन्न गरिएको छ। यस क्रममा झिमरुक गाउँकार्यपालिकाको कार्यालय, झिमरुक उद्योग वाणिज्य सङ्घ र पालिकास्थित इलाका प्रहरी कार्यालयमा पुगेर प्राथमिक तथ्याङ्कसमेत सङ्कलन गरिएको छ । यद्यपि सम्बन्धित निकायमा व्यवस्थित तथ्याङ्कीकरणको अभाव देखा परेको छ । त्यसैगरी पालिकाका सम्बन्धित व्यक्तिहरूबाट पनि तथ्याङ्क सङ्कलन गरिएको छ। यसरी अध्ययनकार्य सम्पन्न गर्दा सामग्री सङ्कलन र विश्लेषण विधि गरी दुई प्रकारका विधि अपनाइएको छ।

## *राजनीतिक अवस्था*

नेपालका महिलाको राजनीतिमा सहभागी हुने प्रयत्न पहिलेदेखि नै भए पनि उल्लेखनीय विकास भने नेपालको संविधान–२०७२ जारी भइसकेपछि भएको हो। राजनीतिक दलको केन्द्रीय, प्रदेश र जिल्ला तहमा ३३ प्रतिशत महिला हुनुपर्ने अनिवार्य प्रावधान आएपछि राजनीतिक पार्टीभित्र निर्णायक स्थानमा पनि महिलाको पहुँच हुने स्थिति बन्न गएको छ। त्यसका साथै संसद्मा पनि ३३% महिला हुनुपर्ने बाध्यात्मक कानुनी व्यवस्थाले राजनीतिक पार्टीमा हुने पुरुषवादी सोचाइको स्वेच्छाचारमा केही कमी अवश्य भएको छ यद्यपि राजनीतिक पार्टीबिच हुने राजनीतिक सहमति तथा गठबन्धनसम्बन्धी कानुनमा केही उल्लेख नभएकाले महिलासम्बन्धी कानुनमा भएको त्यस प्रकारको कानुनी व्यवस्था केही फितलो नै पनि छ। यसै सन्दर्भमा यहाँ पछिल्ला २०७४ साल र २०७९ सालका दुईओटा आम निर्वाचनमा महिला सहभागिताको माझमा तुलना गरौँ।

### *२०७४ सालको आम निर्वाचन*

| क्र.सं. | राजनीतिक दल | महिला उम्मेदवारको सङ्ख्या |
|---|---|---|
| १ | राष्ट्रिय जनमोर्चा | १७ |
| २ | नेकपा (माओवादी केन्द्र) | १७ |

| | | |
|---|---|---|
| ३ | नेपाली काङ्ग्रेस | १७ |
| ४ | नेकपा (एमाले) | १७ |
| | कुल | ६८ |

*(स्रोत : झिमरुक गाउँपालिका-३ का स्थायी वासिन्दा विवेक जिसीले दिएको जानकारी, २०८१ असोज २६ गते)*

२०७९ सालको आम निर्वाचनमा भने गठबन्धनका कारणले राजनीतिक समीकरण परिवर्तन भएअनुसार दुईदुईओटा दलले गठबन्धन गरेर चुनाव लडेका थिए। त्यसका बाबजुद महिला उम्मेदवारको सङ्ख्यामा थोरै भए पनि कटौती भएको पाइन्छ।

## *२०७९ सालको आम निर्वाचन*

| क्र.सं. | राजनीतिक दल | महिला उम्मेदवारको सङ्ख्या |
|---|---|---|
| १ | राष्ट्रिय जनमोर्चा र नेपाली काङ्ग्रेस | १६ |
| २ | नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) | १६ |
| | कुल | ३२ |

*(स्रोत : झिमरुक गाउँपालिका-३ का स्थायी वासिन्दा विवेक जिसीले दिएको जानकारी, २०८१ असोज २६ गते)*

२०७२ सालको नेपालको संविधान र त्यससँग सम्बन्धित ऐनकानुन वा नियममा भएको व्यवस्थाअनुसार झिमरुक गाउँपालिकाअन्तर्गत रहेको गाउँकार्यपालिकामा यतिखेर ३६ जना महिला जनप्रतिनिधि बहाल छन्।

त्यसमध्ये कार्यपालिका सदस्य ४, गाउँसभा सदस्य १६, महिला सदस्य ७ तथा दलित महिला सदस्य ९ जना रहेका छन्। गत २०७४ सालको निर्वाचनमा यो पालिकामा २३ जना महिला जनप्रतिनिधि निर्वाचित भएका थिए। त्यसमध्ये उपाध्यक्ष १, कार्यपालिका सदस्य १, गाउँसभा सदस्य ५, महिला सदस्य ८, सदस्य १ र दलित महिला सदस्य ७ जना रहेका थिए (website : jhimrukmun.gov.np)। यस अर्थमा २०७९ सालको आम निर्वाचनमा पालिका उपाध्यक्ष निर्वाचित नभए तापनि कार्यपालिकामा महिला उपस्थिति भने बढेको छ। यता, पालिकाभरिका आठओटै वडाका वडाअध्यक्षमा भने २०७४ साल र २०७९ सालको दुवै आम निर्वाचनमा महिलाहरू निर्वाचित हुन सकेका छैनन्। यसबाट वडाको नेतृत्वमा राजनीतिक क्षेत्रबाट महिलाप्रति अविश्वास गरिएको हो कि भन्ने स्वाभाविक आशङ्का उत्पन्न हुन जान्छ।

महिलामाथिका गम्भीर दमनका विरुद्ध युगौँदेखि प्रतिवाद र सङ्घर्ष हुँदै आएका छन्। त्यसैको फलस्वरूप स्थानीय तहमा प्रतिनिधित्व गर्ने व्यवस्था भएअनुसारले प्रतिनिधित्व गर्ने दलित महिलाको वडासदस्य पदमा भने सबै वडाबाट प्रतिनिधित्व हुने गरेको छ।

२०७४ को स्थानीय चुनावबाट गाउँपालिका उपाध्यक्ष पदमा महिला नै निर्वाचित भएकोमा २०७९ को स्थानीय चुनावमा गठबन्धनको राजनीतिका कारण अध्यक्ष वा उपाध्यक्षमध्ये एक जना महिला हुनुपर्ने व्यवस्था लागु हुन सकेन (तिलक जिसीसितको कुराकानी, २०८० मङ्सिर १८)। कानुनमा दलको उम्मेदवारसम्बन्धी मात्र व्यवस्था भएकाले गठबन्धनबाट अधिकारक्षेत्र मिचिने अवस्था वा सम्भावनाप्रति कानुन सतर्क हुन नसकेको पुष्टि भएको छ। गठबन्धनबाट पनि त्यसरी अध्यक्ष वा उपाध्यक्षमध्ये एक जना अनिवार्य हुनुपर्ने कानुनी व्यवस्था नभएकाले यसरी महिलाका लागि कानुनको बाध्यकारी अवस्था नभएको देखिन्छ। गठबन्धनमा आपसी सहयोगको सहमति हुन्छ र त्यसअनुसार आफ्नो भागमा आएको उम्मेदवारी दिँदा कुनै दलले एकमात्र उम्मेदवार खडा गर्दा महिलाका बारेमा सोच्न बाध्य हुनुपर्ने स्थिति रहँदैन। त्यसरी बहुदलीय व्यवस्थामा गठबन्धनको सम्भावनासमेतलाई ध्यानमा राखी राज्यको स्थानीय तहको अध्यक्ष वा उपाध्यक्षमध्ये एक जना हुनुपर्ने कानुनी व्यवस्थालाई प्रभावकारी र अकाट्य बनाउनुपर्ने आवश्यकता छ।

स्थानीय स्तरको राजनीतिक गतिविधि केन्द्रीय

स्तरको राजनीतिभन्दा स्वाभाविक तरिकाले पातलो हुन्छ। महिला मात्रै होइन, प्रत्यक्ष रूपमा कृषि जस्तो बढी श्रम तर कम प्रतिफलयुक्त आर्थिक क्रियाकलापमा लाग्नुपर्ने गाउँपालिका भएकाले यहाँको राजनीतिक गतिविधि पातलो हुन्छ नै। यस पालिकाका सबै राजनीतिक दलमा महिला सहभागिता यथेष्ट छ। सबैजसो पार्टीका महिला सङ्गठन छन्। त्यसका साथै मातृपार्टीमा पनि महिलाको सहभागिता रहेको छ। यद्यपि यस्तो सङ्ख्या स्थिर भने रहन्न। किनकि स्थानीय स्तरको राजनीतिक पार्टीहरूमा को सक्रिय छ, को निष्क्रिय ? वा कुन राजनैतिक रूपमा सक्रिय हो, कुन राजनीतिक रूपमा निष्क्रिय भनेर लक्ष्मणरेखा खिँच्न सजिलो छैन। त्यसका बाबजुद जसरी कुल जनसङ्ख्यामा आधाभन्दा बढी महिलाको सङ्ख्या छ, त्यसैगरी नेपालमा कुल मतदाताको सङ्ख्यामा महिलाको सङ्ख्या बढी छ। यस आधारमा महिलाको यो सङ्ख्याले राजनीतिमा सक्रिय भूमिका निभाएकै हुन्छ। २०८१ मङ्सिर १५ सम्मको मतदाताको सङ्ख्या हेर्ने हो भने महिला मतदाताको सङ्ख्या ६,७७,७४९ ले बढी छ (निर्वाचन आयोगको वेबसाइट)। यो सन्दर्भमा महिलाको भोट यो पालिकामा पनि निर्णायक हुने गरेको सत्य तथ्यतर्फ हाम्रो ध्यान जानुपर्छ। अहिले प्राप्त भएका महिलासम्बन्धी राजनीतिक उपलब्धि पर्याप्त नभए पनि सकारात्मक रहेका छन्। तिनले महिलालाई राजनीतिक योग्यता पुष्टि गर्नका लागि मार्गप्रशस्त गर्छन्।

## *लैङ्गिक/सामाजिक अवस्था*

यो गाउँपालिकामा महिलामाथि लैङ्गिक विभेदको स्थिति कुन प्रकारको छ भन्ने निश्चित अध्ययन भएको छैन। त्यसरी अध्ययन नभएको भए पनि परम्परित मान्यताले महिलामाथि विभेदपूर्ण व्यवहार गरेकाले विभेदको स्थिति कायम भएको स्पष्ट छ। कामको प्रकृतिमाथि विचार गर्दा महिलामाथि लादिएको लैङ्गिक विभेदको भारी रहेको स्पष्ट बुझ्न सकिन्छ। पुरुष घरमा उपस्थित भएको बेलामा पनि घरको सम्पूर्ण कामधन्दा महिलाले गरिरहेका छन्। उनीहरूले घर सफा राख्छन्; खाना पकाउँछन्; बच्चालाई स्कुल पुऱ्याउँछन्; भाँडा माझ्ने काम गर्छन्। यी सबै काम गरिसकेपछि उनीहरूको घाँसपात, वनपाखा वा कार्यालय जाने काम हुन्छ। त्यहाँ उनीहरू दिनभरि लादिन्छन्। यसरी महिला र पुरुषले बाँडफाँड गरेर गर्न सक्ने काम पनि महिलाले मात्र गर्नु परेको छ। पहिलेदेखि महिलाले गर्दै आएकाले अहिले पनि अनेक बहाना बनाएर ती काम महिलाले गर्नुपर्छ भन्ने पुरुषवादी सोचाइ रहेको छ। यो यहाँको आम संस्कृति बनेको छ। यस्तो संस्कृतिले महिलाप्रति सकारात्मक सोच राखे पनि उनीहरूप्रति गरिएको परम्परित व्यवहारको चौघेराबाट समाजलाई बाहिर निकाल्न सकेको छैन।

ज्याला विभेदपूर्ण रहेको छ। महिलालाई एक प्रकारको अर्थात् कम र पुरुषलाई अर्का प्रकारको अर्थात् बढी ज्याला दिने गरिन्छ। सबैभन्दा ठुलो विभेदको रूपमा पैत्रिक सम्पत्तिमाथिको समान अधिकारबाट छोरीलाई वञ्चित गराउनु हो। कानुनले पनि महिलालाई पैत्रिक सम्पत्तिमा पूर्ण हकदारका लागि मार्गप्रशस्त नगरेकाले अहिलेसम्म छोरीलाई समान अंशियार बन्ने अवस्था निर्माण भएको छैन। यसरी सम्पत्तिबाट वञ्चित गराएर छोरीको अधिकारमाथि दमन गरिएको छ। त्यस प्रकारको दमनबाट छोरीको आत्मसम्मान र मनोविज्ञानमाथि प्रहार गर्ने काम भइरहेको छ। लैङ्गिक विभेदको सबभन्दा ठुलो कलङ्कका रूपमा रहेको यो परम्परा र कानुनको सिन्डिकेट विरुद्ध महिलाले लामो सङ्घर्ष गर्दै आएका भए पनि त्यसमा अझै पूर्ण सफलता प्राप्त नभएकाले यो समस्या आम महिलाले व्यहोर्नु परेको छ। यहाँका महिला पनि अपवाद छैनन्।

यहाँका महिलाको लैङ्गिक अवस्थाबाट निश्चित धारणा बनाउनुभन्दा पहिले आधिकारिक निकायमा गत आर्थिक वर्षमा महिलासित सम्बन्धित उजुरीको अवस्था के छ ? त्यसको लेखाजोखा गरौँ।

| क्र.सं. | उजुरी परेको निकाय | उजुरीको सङ्ख्या | उजुरीको प्रकृति |
|---|---|---|---|
| १ | गाउँपालिकाको न्यायिक समिति | ३० | घरेलु हिंसा, सम्पत्ति बाँडफाँड, झैझगडा, सम्बन्धविच्छेद |
| २ | इलाका प्रहरी कार्यालय | ५० | घरेलु हिंसा, झैझगडा |
| | कुल | ८० | |

*(स्रोत : इलाका प्रहरी कार्यालय मच्छी/झिमरुक गाउँकार्यपालिका कार्यालय मच्छी, प्युठान)*

यो तथ्याङ्कले गाउँपालिकाको न्यायिक समितिप्रति यो पालिकाका महिलाको विश्वास रहेको बताउँछ। न्यायिक समितिमा जनप्रतिनिधिहरू रहने हुनाले उनीहरूले गर्ने फैसला वा सल्लाहबाट आफूले न्याय पाउने आशा यहाँका महिलाहरूले राखेको देखिन्छ । यहाँका महिलाहरू न्याय पाउने आधिकारिक निकाय प्रहरी भएकोमा विश्वस्त छन्। फलस्वरूप गाउँपालिकाको न्यायिक समितिमा ३० ओटा उजुरी दर्ता हुँदा इलाका प्रहरी कार्यालयमा भने त्यसभन्दा बढी ५० ओटा उजुरी परेको देखिन्छ । यसका साथै महिलाहरू सबै प्रकारका मामिलामा प्रहरीसमक्ष उजुर गर्न कमै जान्छन् भन्ने पनि यस तथ्याङ्कबाट धारणा बनाउन कठिन छैन।

यति हुँदाहुँदै पनि नेपालका कानुनले लैङ्गिक समतासम्बन्धी गरेका केही व्यवस्था भने व्यावहारिक बनेका छन् । विशेष शारीरिक अवस्थाको पहिचान र त्यसलाई सम्बोधन गर्ने संयन्त्रको निर्माण; जस्तै– सुत्केरी भत्ता, सुत्केरी बिदा, सुरक्षित मातृत्व कार्यक्रम आदि । महिलालाई धितोरहित ऋण दिने, बच्चा जन्माउन र हुर्काउन समय लाग्ने भएकाले निजामती सेवामा प्रवेश गर्दा पुरुषको उमेर बढीमा ३५ वर्षको हुनुपर्नेमा महिलाको उमेर ४० वर्ष भए पनि हुने जस्ता नीति लैङ्गिक समतामूलक नीतिको उदाहरण हो (भद्रा, २०६७, पृ.१७)। लोकसेवामा प्रतिस्पर्धा गर्नका लागि राज्यले यसप्रकारको केही समतामूलक अवसर प्रदान गरेको भए पनि त्यस प्रकारका सिट सङ्ख्या अति धेरै कम हुने भएकाले त्यो अवसर एक प्रकारले उधारो जस्तो पनि छ।

सामाजिक क्रियाशीलताको हिसाबले भन्ने हो भने यहाँका महिलाहरू पनि स्वाभाविक रूपले नै मियोको अवस्थामा छन् । युवायुवतीको विदेश पलायन, किशोर किशोरीको उच्च शिक्षा अध्ययनका लागि सहर जानुपर्ने बाध्यात्मक अवस्था, वृद्धवृद्धामा शारीरिक क्रियाशीलताको अभाव तथा युवा र प्रौढ पुरुषको कामविशेषले धेरै समय घरबाहिर रहनुपर्ने अवस्थाका माझ महिलाले यहाँ पनि सामाजिक रूपमा सक्रिय रहनुपर्ने बाध्यता छ। झिमरुकमा हुने विभिन्न सामाजिक तथा सार्वजनिक क्रियाकलापमा महिलाहरूको उल्लेखनीय उपस्थितिले यही बताउँछ।

यस पालिकामा निजी उत्पादन कार्यमा मात्रै होइन, सामाजिक विकास निर्माण जस्ता क्षेत्रमा पनि महिलाको उल्लेखनीय उपस्थिति रहने गरेको हुन्छ । प्रकारान्तरले भन्ने हो भने नेतृत्व चयनमा महिलाको निर्णय र त्यो निर्णय कार्यान्वयनमा झिमरुकका महिलाको उपस्थिति बढी नै छ । त्यसैले यस पालिकाका महिलाहरू झिमरुकको सामाजिक सक्रियतामा महत्त्वपूर्ण भूमिका खेलेको तथ्यलाई विनासङ्कोच स्वीकार गर्नुपर्ने अवस्था हुन्छ।

## *आर्थिक अवस्था*

आर्थिक अवस्था भनेको उत्पादनमा जिम्मेवारी र प्रयोगका लागि अधिकारक्षेत्रको मात्रालाई सम्झिनुपर्दछ। आर्थिक अधिकारका लागि महिलाहरू प्रायः स्वतन्त्र छैनन् । उनीहरूले आर्थिक उपार्जनका लागि पुरुषसरह वा त्योभन्दा बढी भूमिका निर्वाह गरेको भए पनि आर्थिक लगानी, बचत वा खर्च आदि गर्नका लागि महिलाको समान र प्रमुख निर्णय रहेको छैन । उनीहरूको आर्थिक निर्णय गर्ने अधिकारको स्थिति धेरै कमजोर रहेको छ। सबैजसो आर्थिक निर्णय गर्ने अधिकार पुरुषले राख्दछन्। पुरुषले स्वेच्छाले कहाँ के कति, किन र कसरी खर्च गर्छ भनेर प्रायः प्रश्न उठ्दैन भने महिलाका विषयमा त्यो प्रश्न गम्भीरतापूर्वक उठ्ने गर्दछ।

यहाँका महिला आर्थिक नेतृत्वको हिसाबले सामान्यतः कमजोर अवस्थामा रहे तापनि स्थिति पूरै निराशाजनक रहेको भनेर मान्न सकिन्न । झिमरुकमा महिला संलग्न रहेका जागिरको अवस्था यस्तो छ :

| क्र.सं. | जागिरको क्षेत्र | संलग्न महिलाको सङ्ख्या |
|---|---|---|
| १ | विभिन्न निकायका सबै प्रकारका कर्मचारी | ४३ |
| २ | शिक्षक (शिशुदेखि मावि तहसम्म) | १५० |
| ३ | स्वास्थ्यकर्मी | २४ |
| | कुल | २१७ |

*(स्रोत : झिमरुक गाउँकार्यपालिकाको कार्यालय, मच्छी, प्युठान)*

यसप्रकारले यस पालिकामा महिलाहरू क्रमशः निजी कामधन्दाबाट बाहिर निस्केर सार्वजनिक क्षेत्रमा प्रवेश गर्न थालेको मान्न सकिने स्थिति छ।

त्यस्तै यहाँका महिलाहरू व्यापार व्यवसायमा पनि सहभागी हुन थालेका छन्। यदि प्युठान उद्योग वाणिज्य सङ्घजस्तो उद्योगीव्यवसायीको संस्थालाई आधिकारिक निकाय मान्ने हो भने यसले दिएको तथ्याङ्कअनुसार त्यहाँ यस आर्थिक वर्षमा १०० जना महिलाहरूको व्यापार व्यवसायमा सहभागिता रहेको छ (प्युठान उद्योग वाणिज्य सङ्घ, खलङ्गा)। निश्चित रूपमा उद्योग, व्यापार व्यवसाय मात्रै अर्थतन्त्रको एक मात्र क्षेत्र होइन, यसबाहेकका क्षेत्र; जस्तै– कृषि तथा अन्य स्वरोजगार क्षेत्रमा महिलाको ठुलो सङ्ख्या संलग्न छ। त्यसमध्ये ज्यालादारी गर्ने महिलाको सङ्ख्या पनि उल्लेखनीय छ।

यसैगरी महिलाहरू निजी स्वरूपका आर्थिक क्रियाकलाप पनि सक्रिय छन्। यद्यपि पहिला जस्तो महिलाको पेवा प्रचलन अहिले धेरै कमजोर हुन थालेको छ। फेरि पनि ठोस आर्थिक अवस्थाका कारणले आर्थिक आर्जनका क्रियाकलापमा सहभागी हुनैपर्ने अवस्था छ। पति वा छोरा विदेश गएको परिवारमा स्वाभाविक रूपमा आम्दानीखर्चको परिचालन महिलाले गर्छन्। यस्ता परिवारमा रेमिट्यान्सले मात्रै बाह्रै महिनाको आर्थिक क्रियाकलाप सञ्चालन हुन सक्दैन। यस्तो अवस्थामा महिलाको निजी आर्थिक क्रियाकलापले झिमरुकको आर्थिक जीवन सञ्चालन भइरहेको देखिन्छ।

संसारमा महिलाप्रति भएका परम्परित भेदभाव र दमनका कैयौँ रूप यहाँ पनि विद्यमान छन्। महिलाले उत्पादन कार्यमा श्रेष्ठ योगदान दिए पनि आर्थिक दायित्व र अधिकार प्रयोग गर्न नपाउनु महिलामाथिको भेदभाव र दमन हो। त्यसैले परम्परित संस्कृति बनेर रहेको त्यस प्रकारको भेदभाव र दमनको अन्त हुन आवश्यक छ। तर त्यो उद्देश्य पूरा भए पनि यही सामाजिक व्यवस्थाभित्रबाट सबै समस्या समाधान हुन्छन् भन्ने हुँदैन। उनीहरू पैत्रिक सम्पत्तिका दाबेदार मानिँदैनन्। यदि त्यसो गर्ने भए भने पनि उनीहरूलाई अविवाहित बस्नुपर्ने हुन्छ। त्यो अधिकार नभएर दया गरिएको जस्तो हो। यद्यपि पहिलेको कानुनी व्यवस्थाभन्दा यो पनि एउटा उपलब्धि नै हो।

वर्तमान आर्थिक सामाजिक व्यवस्थाका सीमाभित्र महिलाको पूर्ण मुक्ति असम्भव छ। सम्पत्तिमा पनि महिलाले पूरा अधिकार प्राप्त गर्न सम्भव छैन र खालि सम्पूर्ण शोषित मिहिनेतकस जनताका साथै महिलाको पनि पूर्ण मुक्तिको क्रममा सम्पत्तिमा समान अधिकारको माग पनि सही र वास्तविक अर्थमा पूरा हुन्छ र पूरा हुन सक्छ। तर पनि वर्तमान व्यवस्थाको सीमाभित्र पनि महिलाका अन्य मागका साथै सम्पत्तिको अधिकारलाई पनि धेरैभन्दा धेरै प्राप्त गर्न र सुरक्षित पार्न सङ्घर्ष गर्नुपर्ने आवश्यकता हुन्छ (सिंह र पौडेल, २०७२, पृ. ११६)।

## *सांस्कृतिक अवस्था*

यहाँका महिलाको भेषभुषा चोलो, फरिया, सारी ब्लाउज, सुइटर आदि मुख्य हुन्। नयाँ पुस्ताले सर्ट, पाइन्ट, कुर्था, सुरुवाल, सुइटर, कोट, ज्याकेट आदि प्रयोग गर्दछन्। जुत्ता र चप्पलको प्रयोग हुन्छ। कुनैकुनै महिलाले सवारी साधन स्कुटीको प्रयोग गर्दछन्। अधिकांश महिलाको सवारी साधन सार्वजनिक बस नै हुन्छ। गहनामा कानमा यार्लिङ, टप, झुम्का, घाँटीमा सिक्री, तिलहरी, पोते आदि प्रमुख छन्। नाकको बायाँपट्टि छेदन गरी सानासाना टुकीको प्रयोग हुन्छ। यी गहना मेलापर्व अथवा विशेष चाडबाडमा बढी प्रयोग हुन्छन्। नयाँ पुस्ताले गहनामा त्यति धेरै चासो राखेको पाइन्न। यद्यपि उनीहरू सुनको सिक्री र यार्लिङप्रति आकर्षित रहन्छन्। यस प्रकारको आभूषणको प्रयोग र त्यसप्रतिको आकर्षण परम्परागत मान्यतामाथि आधारित छ। हजुरआमा तथा आमाहरूले प्रयोग गर्दै आएकाले प्रयोग गर्नुपर्छ भन्ने पारम्परित धारणाले काम गरेको छ।

समाज निर्माणको आदिकालदेखि प्रचलित आआफ्नो संस्कृति पिँढीदरपिँढी प्रचलनमा आउँदै गर्दा बुझी नबुझी मानिसले अङ्गिकार गर्दै गए (लामिछाने, २०७२, पृ.१४६)। नयाँ पुस्ताका महिलाले नाक र कान छेदन नगर्न पनि सक्दछन्, तर अहिलेलाई त्यो सङ्ख्या धेरै न्यून रहेको छ। यहाँका महिलाको सांस्कृतिक अवस्था परम्परानिर्देशित छ। स्थानीय देवीदेवताको परम्परा धान्ने काम महिलाले नै गरेका छन्। यहाँ सबै जातका कुलपूजाका लागि चाहिने

सामग्रीको जोहो महिलाले नै गर्दछन् । मन्दिरमा चाहिने सामग्री, पाहुनालाई सत्कार गर्ने खाद्य सामग्री, पाहुनाको सत्कार, भान्साको कार्य सबैमा महिलाको भूमिका हुन्छन्।

यहाँका महिला विवाहका लागि स्वतन्त्र छन् । उनीहरूले प्रेमविवाह गर्न सक्दछन् । मागिविवाह पनि स्वीकार गर्न सक्दछन्। जबरजस्ती विवाह महिलाविरुद्ध छ (भेषमान गिरीसित कुराकानी, २०८० मङ्सिर १८ गते)। यसरी यहाँका महिला पारिवारिक रूपमा कार्यका दृष्टिले पहिलो र अधिकार प्रयोगको दृष्टिले द्वितीय अवस्थामा रहेका छन्। धेरैजसो घरायसी काम महिलाले नै गर्दछन् । बुहार्तन एक प्रकारको संस्कृतिको रूपमा जकडिएर बसेको छ । परिवारमा पुरुष शक्तिशाली र महिला सल्लाहकार जस्तो अवस्था रहेको छ। केटाकेटी र बुढाबुढीको स्याहारसम्भार महिलाको जिम्मेवारीभित्र रहेको छ। यसरी महिलाहरू पारिवारिक सेवाका लागि केन्द्रमा राखिएका छन्।

## *शैक्षिक अवस्था*

यस गाउँपालिकामा सामुदायिक र संस्थागत गरी १० ओटा मावि, ८ ओटा निमावि र ३६ ओटा प्राविसहित जम्मा ५३ ओटा सामुदायिक र निजी शिक्षण संस्थाहरू सञ्चालित छन् -website : jhimrukmun.gov.np_ । यी बाहेक यस गाउँपालिकामा स्नातकसम्मको पढाइ हुने एउटा क्याम्पस पनि छ। यी सबै विद्यालयमा महिलाले पनि अध्ययन गर्दछन्।

अब झिमरुक गाउँपालिका छात्रासहितको महिला साक्षरताका विषयमा चर्चा गरिन्छ।

यस पालिकाभरिका ५३ ओटै शिक्षण संस्थामा ३,५३२ छात्राहरूले अध्ययन गरेको पाइन्छ । त्यसमध्ये उनीहरूको छात्रसितको सङ्ख्यात्मक अनुपात समान दरमा छ अर्थात् १:१ अनुपातमा रहेको छ। त्यस्तै पालिकाभरिमा महिला साक्षरता दर ७६.२% रहेको देखिन्छ (झिमरुक गाउँकार्यपालिकाको कार्यालय, शिक्षा शाखा, मच्छी)। यो तथ्याङ्क हेर्दा यस पालिकामा महिला साक्षरता र छात्राको विद्यालय पहुँचलाई सामान्य नै मान्नुपर्ने हुन्छ।

अहिलेको युगमा शिक्षा प्राप्त गर्ने विषय सामान्य भए तापनि यहाँका विद्यालयमा शिक्षाका लागि सहभागी महिला नयाँ पुस्ताका छन् । पुरानो पुस्ताको ठुलो हिस्सा साक्षर छैन र केहीले मात्रै साक्षरता हासिल गरेका छन्। यहाँ पहिले छोरीलाई पढाउनुहुन्न भन्ने संस्कृति पनि थियो। उक्त संस्कृतिका विरुद्ध छोरीलाई स्कुलमा भर्ना गरौँ भन्ने अभियान यहाँ सञ्चालन गरियो। यसले छोरीप्रतिको पुरानो धारणामा ठुलो परिवर्तन ल्यायो र सबैले छोरीलाई स्कुल पठाउन थाले । महिलाको नयाँ पुस्ताले शिक्षा प्राप्त गर्ने कुराको अपेक्षा गर्न सकिन्छ। तर यहाँको जीवननिर्वाहको स्रोत अनिश्चित भएकाले शिक्षाप्रति महिलाको पूर्ण भरोसा रहेको छैन । निश्चित योग्यता हासिल गरिसकेपछि बेरोजगारी रहनुपर्ने र जीवननिर्वाहका लागि पुरुषमाथि निर्भर रहनुपर्ने भएकाले शिक्षाको लागि मात्र शिक्षाप्रति विश्वास नहुनु स्वाभाविक छ।

गाउँपालिकाभित्र महिलामैत्री रोजगारमूलक कुनै पनि आयोजना रहेका छैनन्। उनीहरूको शैक्षिक योग्यताको सम्बोधन गर्ने राज्यको तहबाट कुनै प्रयत्न पनि भएको छैन। पढाइलेखाइ सकेपछि विवाह गर्ने र परम्परागत कृषि पेसामा आश्रित भएर बाँच्नुपर्ने बाध्यताका कारण शिक्षाप्रति प्रबल आकर्षण हुन सकेको छैन। यस अवस्थामा शिक्षालाई व्यावहारिक र जीविकापार्जनको आधारका रूपमा विकास गरेमा मात्र यहाँका महिलाको लागि उपयुक्त हुनेछ (पवित्रा जिसीसँगको कुराकानी, २०८० मङ्सिर १८ गते) । यो गाउँपालिकामा महिलासम्बन्धी छुट्टै कार्यक्रम ल्याएर उनीहरूको रोजगारको समस्यालाई न्यूनीकरण गर्नुपर्नेमा त्यसो हुन सकेन। उनीहरूले उच्च शिक्षा हासिल गरे पनि बेरोजगार हुने स्थिति रहेको छ (ठाकुर गिरीसँग गरेको कुराकानी, २०८० मङ्सिर १८ गते)।

यस गाउँपालिकामा सामान्य साक्षरदेखि उच्च शिक्षा हासिल गरेका महिलाको ठुलो सङ्ख्या रहेको छ। तीमध्ये धेरैजसो कृषि कार्यमा संलग्न छन् भने केही मात्र अध्यापन अथवा निजामति सेवामा छन् । एकाध जना वैदेशिक रोजगारमा पनि गएका छन् (तिलक जिसीसँग भएको कुराकानी, २०८० मङ्सिर १८ गते) । यहाँका महिलाले शैक्षिक योग्यता हासिल गरेको भए पनि उनीहरूको जीविकोपार्जनको मार्गदर्शन हुन सकेको छैन। उनीहरूको इमान्दारिता र कार्यकौशलतालाई समाजले

उपयोग गर्न नसक्नु दुर्भाग्यपूर्ण छ। अहिले पनि स्थानीय तहको नेतृत्वले उनीहरूलाई केन्द्रित गरेर कुनै महत्त्वपूर्ण कार्यक्रम अगाडि सार्न सक्दछ । तर त्यसो गरेको अहिलेसम्म थाहा भएको छैन (सिद्धिमान जिसीसँगको कुराकानी, २०८० मङ्सिर १८ गते)।

## *सामाजिक योगदान*

यहाँका महिलाले विसं २०४८/४९ मा मदिरा विरोधी ऐतिहासिक आन्दोलनको सुरुवात गरेका थिए। त्यो आन्दोलन प्युठान जिल्लाभरि नै अभियानको रूपमा फैलियो। सर्वप्रथम त्यो आन्दोलन यही गाउँपालिकाको साविकको ओखरकोट गाउँविकास समितिको एउटा वडामा सर्वदलीय बैठक गरेर मदिरापान र उत्पादनमा रोक लगाउने निर्णय गरेर सुरु भएको थियो। त्यो विषयलाई तत्कालीन गाउँविकास समिति र जिल्ला विकास समितिसम्म पुऱ्याइएको थियो। तर ती निकायले प्रभावकारी कदम नउठाएपछि यहाँका महिलाले मदिरा उत्पादनकर्तालाई चेतावनी दिएर उनीहरूले उत्पादन गरेको मदिरा खोलामा बगाउने काम गर्नुका साथै जरिवानासमेत गरे। यो मदिरा विरोधी आन्दोलन प्युठान जिल्लाभरि अभियानको रूपमा विकास भएको थियो। त्यो आन्दोलनबाट मदिराको पूर्ण निषेध नभए पनि मदिरा संस्कृति भत्कायो। मदिरापान गरेर घरेलु हिंसा गर्ने पुरुष चरित्रमा बदलाव ल्यायो। यसरी त्यो अभियानले मदिरा विरोधी जागरण ल्यायो।

वास्तवमा पुरुषले मदिरापान गरेर महिलामाथि गरेका कैयौँ दुर्व्यवहारको परिणामस्वरूप यो आन्दोलन जन्मिएको थियो र हरेक पटक मदिराप्रेमीलाई महिलाप्रतिको व्यवहारले सोच्न बाध्य बनायो (Gabriele and Beisenkamp, 2007, p. 80)। प्युठानको इतिहासमा त्यो आन्दोलनको धेरै महत्त्व रहेको कुरा स्पष्ट छ। समाजमा परिवर्तन ल्याउनका लागि सामाजिक समस्या विरुद्धका अभियानले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। यहाँको मदिरा विरोधी आन्दोलनले त्यही नजीर स्थापना गरिदिएको छ।

यहाँका विभिन्न राजनीतिक दलमा आम्बद्ध महिला सङ्गठनले घरेलु हिंसा विरोधी अभियानमा एकजुट हुने भूमिका खेलेका थिए। यहाँका महिलाहरूले ती सङ्गठनलाई घरेलु हिंसाका विरुद्ध प्रतिबद्ध बनाएका थिए। छोरीलाई स्कुलमा भर्ना गराउने अभियान सञ्चालन गरेका थिए (Gabriele and Beisenkamp, 2007, P. 75-76)।

अहिले झिमरुकका महिला विभिन्न राजनीतिक सङ्गठनमा आबद्ध हुनका साथै विभिन्न आमा समूहमा क्रियाशील रहेका छन्। कतिपय महिलाले महिला सहकारी संस्था पनि सञ्चालनमा ल्याएका छन्। उनीहरूका आमा समूह र सहकारी संस्था निरन्तर अग्रगतिमा बढिरहेका छन्। उनीहरूका उपर्युक्त कार्यहरूले महिलाको इमान्दार, सक्षम, निर्भीक र विश्वसनीय छवि उजागर गर्दछन्। उनीहरूको सामाजिक परिवर्तन र विकासमा महत्त्वपूर्ण योगदान रहेको कुरा स्पष्ट छ।

## *निष्कर्ष*

महिलामाथि युगौँदेखि भेदभावपूर्ण सामाजिक व्यवहार गरिँदै आएको अवस्थामा यो गाउँपालिकाका महिला पनि कुनै न कुनै विभेदबाट प्रताडित रहनु स्वाभाविक छ। विभेदकारी सामाजिक व्यवस्थाले नै महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गरिरहेको छ। त्यसका विरुद्ध संसारभरि नै महिलाआवाज सशक्त बन्दै गएका छन्। ती आवाजबाट यहाँका महिला पनि अछुत छैनन्। यहाँका महिलाले पनि विभेदको सामना गर्दै तिनका विरुद्ध आवाज उठाउँदै आएका छन्। यहाँका महिलाको सामाजिक अवस्था आशावादी छ; उनीहरू सचेत हुँदैछन् र उनीहरूको चेतना र शैक्षिक अवस्थालाई हेर्दा छिट्टै समतामूलक समाज निर्माण गर्ने कार्यमा उनीहरू उन्मुख हुन सक्दछन्। विगतमा यहाँका महिलाद्वारा चलाइएका सामाजिक सुधारका अभियानले यहाँका महिला सक्षम र साहसी छन् भन्ने कुराको पुष्टि हुन्छ। उनीहरूले राज्यको तर्फबाट व्यवस्था गरेबमोजिम स्थानीय सत्तामा प्रतिनिधित्व गरेका छन् र प्रतिनिधिसभाको चुनावमा पनि प्रतिस्पर्धा गर्दा कुनै चुनावमा विजय भएको र कुनै चुनावमा निकटम प्रतिद्वन्द्वीको नतिजा निकाल्न सफल भएका छन्।

यहाँका महिलाको आधुनिक पुस्ताले शिक्षा प्राप्त गर्दैछन्। उनीहरू राजनीतिक र सामाजिक काममा रहेका छन्। उनीहरूको नेतृत्वमा कतिपय सहकारी संस्था पनि क्रियाशील रहेका छन्। घरायसी काममा त उनीहरू

सक्रिय हुनाको साथै श्रमको केन्द्रमा नै बसेका छन् भन्दा पनि हुन्छ। उनीहरू पुरुषमैत्री छन् अर्थात् महिलावादलाई यहाँ स्वीकार गरिएको छैन। पुरुषसरह अधिकारको सङ्घर्ष र आवाज उठाउने गरिएको भए पनि पुरुष विनाको समाजको कल्पना गरिएको छैन । यहाँका महिलामा घरेलु हिंसालाई अस्वीकार गर्ने चेतना छ । उनीहरू विभिन्न राजनीतिक दलमा आबद्ध छन्। तर पनि सामाजिक वा विकाससम्बन्धी कार्यहरूमा उनीहरू एकै ठाउँमा उभिएर क्रियाशिल हुने गरेको इतिहासबाट उनीहरू महत्त्वपूर्ण प्रश्नमा ऐक्यबद्धता जाहेर गरेर महिलाको सामाजिक गौरव माथि उठाउन प्रतिबद्ध हुन सक्दछन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ । तर यो उनीहरूको प्रयत्नबाट मात्र सम्भव हुने कुरा हो।

## *सन्दर्भ सामग्रीहरू*


नेपाल सरकार. निर्वाचन आयोगको वेबसाइट https://election.gov.np/np

भद्रा, चन्दा (सम्पा.) (२०६७). *लैङ्गिक अध्ययन.* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रालि।

लामिछाने, मनोहर (२०७२). 'प्युठान, ओखरकोटको लोकसाहित्य : एक समीक्षा'. *ओखरकोट* (लेखसङ्ग्रह). काठमाडौँ : ओखरकोट पर्यटन एवम् ग्रामीण विकास सेवा समिति, प्युठान।

सिंह, मोहनविक्रम र पौडेल, दुर्गा (विसं २०७२). *महिला आन्दोलनको अग्रिम दिशा.* काठमाडौँ : खनाल पब्लिकेसन प्रालि।

Gabriele & Beisenkamp, T. (2007 AD). *Women of Nepal March Forward.* Kathmandu: Jana Shiksha Griha.


## *स्रोतव्यक्ति र संस्थाहरू*

ठाकुर गिरी,साबिक तुषारा गाउँविकास समितिका अध्यक्ष, प्युठान।

तिलक जिसी,झिमरुक गाउँपालिकाका पूर्व गाउँपालिका अध्यक्ष, प्युठान।

पवित्रा जिसी, झिमरुक गाउँपालिकाकी पूर्व गाउँपालिका उपाध्यक्ष, प्युठान।

भेषमान गिरी, साविक तुषारा गाउँपालिकाका अवकाशप्राप्त शिक्षक तथा साहित्यकार, प्युठान।

विवेक जिसी, झिमरुक गाउँपालिका वडा नं. ३, प्युठान।

सिद्धिमान जिसी, झिमरुक गाउँपालिका वडा नम्बर ३ का अवकाशप्राप्त शिक्षक तथा सामाजिक कार्यकर्ता, प्युठान

झिमरुक उद्योग वाणिज्य स को कार्यालय. मच्छीबजार. प्युठान।

झिमरुक गाउँकार्यपालिकाको कार्यालय. मच्छी. प्युठान

झिमरुक गाउँपालिकाको वेबसाइट www.jhimrukmun.gov.np

नेपाल सरकार.नेपाल प्रहरी.इलाका प्रहरी कार्यालय. मच्छी. प्युठान